# स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) को बीसौं स्थापना दिवस २०७४ को अवसरमा जारी

## प्रेस विज्ञप्ति

आज मिति २०७४ साल भाद्र ८ गतेका दिन सम्मानीय कार्यबाहक प्रधानमन्त्री एवं संघीय मामिला तथा स्थानीय विकास मंत्री श्री विजय कुमार गच्छदार ज्यूको प्रमुख आतिथ्यमा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) ले विभिन्न कार्यक्रमका साथ आफ्नो बीसौं स्थापना दिवस मनाएको छ । प्रारम्भमा कृषि क्षेत्रको दीर्घकालीन योजना (Agriculture Perspective Plan-APP) अन्तरगतको प्राथमिकता प्राप्त क्षेत्र कृषि सडक निर्माण गर्न गराउन र ग्रामीण पूर्वाधार विकासको राष्ट्रिय रणनीति २०५४ अनुरुप तत्कालीन स्थानीय निकायहरुलाई पूर्वाधार विकासको काममा सहयोग गर्न २०५५ साल भाद्र ८ गते यस विभागको स्थापना भएको हो ।

यस विभागले जिल्ला प्राविधिक कार्यालय मार्फत तत्कालीन स्थानीय निकायहरुलाई सामान्य प्राविधिक सहयोग गर्दै आएकोमा स्थानीय पूर्वाधार विकास नीति २०६१ लागू भएपछि नीतिले समेटेका स्थानीय पूर्वाधारका सात वटा क्षेत्र (स्थानीय यातायात, खानेपानी तथा सरसफाइ, साना सिंचाई तथा नदी नियन्त्रण, लघु जलविद्युत तथा वैकल्पिक उर्जा, फोहरमैला व्यवस्थापन, भवन आवास तथा शहरी विकास, र सामाजिक पूर्वाधार) का कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । विशेषत: विभागले ५७६३२ कि.मी. स्थानीय सडक संजाल, ७०४८ वटा झो.पु. र ३८० वटा सडक पुल निर्माणमा सहयोग गर्दै ग्रामीण क्षेत्रका जनताको यातायात सेवामा पहुँच बृद्धि गर्नमा ठूलो योगदान गरेको छ । यस बीचमा विश्व बैंक, एशियाली विकास बैंक लगायतका बहुपक्षीय एवं द्विपक्षीय विकास साझेदारको सहयोगमा स्थानीय पूर्वाधार विकासका विभिन्न आयोजनाहरु संचालन गर्दै आइरहेको छ ।

अहिलेको परिवर्तित सन्दर्भमा जटिल प्राविधिक ज्ञान र सीप आवस्यक पर्ने आयोजनाहरु जस्तै सडक पुल तथा झोलुंगे पुलको कार्यान्वयन गर्ने, अन्तर स्थानीय तहसंग सम्बन्धित पूर्वाधार विकासका आयोजनाहरु संचालन गर्ने, स्थानीय तहहरुलाई प्राविधिक पृष्ठ पोषण गर्ने, वैदेशिक सहयोगका आयोजनाहरुको विकास, संचालन तथा समन्वय गर्ने, प्राविधिक मापदण्ड तयारीमा सहयोग गर्ने, अनुसन्धान तथा विकासका साथै नवीन प्रविधि भित्र्याउने, गुणस्तर नियन्त्रण गर्ने, स्थापना कालदेखि हालसम्मको अवधिमा डोलिडारले हासिल गरेको ज्ञान सीप एवं अनुभवहरुलाई ह्रास हुन नदिई क्रमिक रूपले स्थानीय तहसम्म समेत हस्तान्तरण गर्दै जाने र प्रादेशिक पूर्वाधार विकासका आयोजनाहरु संचालन गर्ने डोलिडारको भूमिका रहने देखिएको छ।

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) श्रीमहल पुल्चोक, ललितपुर

जीवनकुमार श्रेष्ठ
महानिर्देशक